## साझेदारी कार्यक्रम सञ्चालनका लागि कार्य विवरण (Term of Reference-TOR), २०८१

### १. पृष्ठभूमिः

नेपालको संविधानले कृषि क्षेत्रलाई प्रमुख प्राथमिकतामा राख्दै किसानको हक र हितको संरक्षण गर्ने, कृषि उत्पादन र उत्पादकत्व बढाउने, भूमिको व्यवस्थापन गरी कृषिको व्यवसायीकरण, औद्योगिकीकरण, आधुनिकिकरण, र बजारीकरण गर्ने स्पष्ट नीतिगत दिशा प्रदान गरेको छ। साथै, संविधानले स्थानीय तहलाई कृषि सम्बन्धी अधिकार प्रत्यायोजन गरेकाले स्थानीय स्तरबाटै कृषि क्षेत्रको प्रवर्द्धन गरी बेरोजगारी र गरिबी घटाउन आवश्यक छ।

हालका दिनमा खेतीयोग्य जमिन बाँझो बन्दै गएका र युवाहरू विदेश पलायन भइरहेका कारण कृषि क्षेत्रले ठूलो चुनौती सामना गरिरहेको छ। तसर्थ, यान्त्रिकरण, आधुनिक प्रविधि, र निजी क्षेत्रको साझेदारीबाट कृषि र पशुपालन व्यवसायलाई प्रवर्द्धन गर्नु अपरिहार्य छ। यसै उद्देश्यका साथ तानसेन नगरपालिकाले "तानसेन नगरपालिकाको साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन ऐन, २०८०" र "कार्यविधि, २०८१" को आधारमा दीर्घकालीन साझेदारी परियोजनाको प्रारम्भ गर्ने योजना बनाएको छ।

### २. औचित्यः

तानसेन नगरपालिकाको ग्रामीण क्षेत्रका नगरबासीहरूको आयस्रोत मुख्य रूपमा कृषि र पशुपालन रहेको छ। यस क्षेत्रलाई व्यवस्थित र आधुनिक बनाएर कृषकको जीवनस्तर उकास्न साझेदारी परियोजना आवश्यक छ। परियोजनाको औचित्य निम्न बुँदाहरूले पुष्टि गर्छः

- नगरपालिकाको लागत न्यून गरी साझेदार संस्थाको स्रोत उपयोग गर्न।
- कृषि र पशुपालनको जोखिम व्यवस्थापनमा विशेषज्ञ सहयोग उपलब्ध गराउन।
- कृषक र सहकारीहरूको क्षमता विकास गरी दीर्घकालीन समाधान गर्न।
- उत्पादित वस्तुहरूको बजारीकरणमा सहजता प्रदान गर्न।
- युवाहरूलाई कृषि व्यवसायतर्फ आकर्षित गर्दै रोजगारी सिर्जना गर्न।

### ३. मुख्य उद्देश्यः

साझेदारी परियोजनाको मुख्य उद्देश्य तानसेन नगरपालिकाको कृषि र पशुपालन क्षेत्रलाई दीर्घकालीन र स्थायी विकासतर्फ उन्मुख गराउनु हो। यसले निम्न उद्देश्यहरू पूरा गर्नेछः

- उत्पादनको विशिष्टिकरण।
- विपन्न वर्गलाई सिप अभिवृद्धि गरी मर्यादित रोजगारी।
- नगरपालिकाको कृषि र पशुपालनमा पहिचान अभिवृद्धि।
- सामूहिक खेतीलाई प्रोत्साहन।

तानसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालय तानसेन, पाल्पा लुम्बिनी प्रदेश, नेपाल

अधिकृत स्तर आठौं तह

Scanned with CamScanner

- परम्परागत कृषिलाई आधुनिक र व्यवसायिक बनाउने।
- युवालाई कृषि व्यवसायमा संलग्न गराउने।
- गरिबी न्युनिकरण।
- साना तथा घरेलु उद्योगको प्रवर्द्धन।

## ३.१ परियोजना कार्यान्वयन प्रवन्ध

प्रस्तावक संस्थाले परियोजना कार्यान्वयन गर्ने प्रक्रिया स्पष्ट रुपमा उल्लेख गर्नुपर्दछ । परियोजनाले प्रस्तावित घरपरिवारहरुलाई समेट्ने, उनीहरुलाई परियोजनावाट लाभान्वित गराउने, आदि विषय लगायत कार्यान्वयन अवधारणाको प्रक्रिया उल्लेख गर्नुपर्नेछ । संयुक्त उपक्रममा प्रस्ताव पेश गर्नेको हकमा भने सबै पक्षको जिम्मेवारी तथा भूमिका स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । यसका साथै परियोजना व्यवस्थापन प्रक्रिया तथा समन्वय गर्ने निकायहरु तथा ति निकायहरुको जिम्मेवारी तथा भूमिका पनि खुलाउनुपर्नेछ ।

## ४. आवश्यक जनशक्ति

यस परियोजना कार्यान्वयनका लागि आवश्यक मानव स्रोत तथा कर्मचारी संख्या (पूर्णकालीन र अल्पकालीन), उनीहरुको व्यवस्थापन तथा परिचालन प्रक्रिया वारे स्पष्ट उल्लेख गर्नुपर्नेछ । परियोजनामा दक्ष प्राविधिक  जनशक्तिको ब्यवस्थापन गर्नुपर्नेछ ।यस परियोजनामा प्रत्यक्ष खटिने तल उल्लेखित बमोजिमका जनशक्तीका  बाहेकका साझेदार संस्थाका कर्मचारीहरुको  तलव भत्तालाई साझेदारी रकमको हिस्सा बनाउन पाईने छैन ।

यस परियोजना कार्यान्वयन गर्नका लागि तपसील बमोजिमका मानव स्रोत तथा कर्मचारी व्यवस्थापन तथा परिचालन गरिनेछ ।

**१. सम्पर्क व्यक्ति (आंशिक) — १ जना (आंशिक)**

शैक्षिक योग्यता: न्युनतम स्नातक तह उत्रिर्ण

मुख्य जिम्मेवारीः साझेदार संस्थाको नेतृत्व तहबाट समन्वयात्मक भूमिका, वजेट व्यवस्थापन र कार्यक्रमको गुण स्तर सुनिश्चिता ।

**२. परियोजना संयोजक— १ जना**

शैक्षिक योग्यता: न्युनतम स्नातक तह उत्रिर्ण

मुख्य जिम्मेवारीः परियोजनालाई नेतृत्व प्रदान, वार्षिक कार्ययोजना तथा नगद प्रवाह योजना तयारी, क्रियाकलापहरुको समयमा सम्पन्न, अपेक्षित उपलब्धि हासिल, प्रतिवेदन तयार, सरोकारवाला निकायहरुसँग समन्वय र सहकार्य, परियोजनाका कर्मचारीहरुको क्षमता अभिवृद्धि ।

**३. लेखापाल — १ जना**

शैक्षिक योग्यता: न्युनतम प्रविणता प्रमाणपत्र  तह उत्रिर्ण

विष्णु पौडेल
अधिकृत स्तर
आठौं तह

Scanned with CamScanner

मुख्य जिम्मेवारीः परियोजनाको समग्र वित्तिय व्यवस्थापन, वार्षिक कार्ययोजना अनुसार नगद प्रवाह योजना तयारी, लेखा खाता, खर्चका आवश्यक विल, भरपाई, भौचर सुरक्षित राख्ने, लेखा प्रतिवेदन तयारी, लेखा परीक्षण गराउने।

**४. प्राविधिक संयोजक — १ जना**

शैक्षिक योग्यता: न्युनतम कृषि तथा पशु बिषयमा प्रविणता प्रमाणपत्र तह उत्रिर्ण

मुख्य जिम्मेवारीः कृषि तथा पशुपंक्षीको उचित व्यवस्थापन, आहार, स्वास्थ्य र उत्पादन सम्बन्धी तालिम र प्राविधिक सहयोग, फिल्ड प्रतिवेदन तयारी ।

**५. सामुदायिक सहजकर्ताः ४ जना**

शैक्षिक योग्यता: न्युनतम प्रविणता प्रमाणपत्र तह उत्रिर्ण

मुख्य जिम्मेवारीः स्वावलम्बी समूह गठन तथा परिचालन, सहकारी स्थापना, संस्थागत तथा व्यवसायिक क्षमता विकासमा सहजीकरण, तालिम सञ्चालन, कृषि तथा पशुसामग्री खरिद तथा वितरणमा सहजीकरण, सामुहिक बजारीकरणमा सहजीकरण, फिल्ड प्रतिवदेन तयारी ।

**५. विगत सात वर्षको सस्थाको रेकर्ड (कृपया वर्तमान अनुभवबाट सुरु गर्नुहोस)**

| क्र. स. | परियोजनाको नाम | दातृ निकाय | कार्यक्षेत्र | कार्यक्रम सञ्चालन गरेको निकायको ठेगाना | लक्षित समुह | सम्झौता अवधि | सम्झौता रकम | दातृ निकायको सम्बन्धित व्यक्तिको सम्पर्क विवरण |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**६. साझेदार संस्था छनोट गर्ने आधारहरु**

१. आशयपत्रदाताले पेश गर्ने संस्थाको दर्ता, नवीकरण, करचुक्ता, कार्यानुभव पत्र, विगत तीन वर्षको लेखापरीक्षण प्रतिवेदन, नियमनकारी निकायको अनुमति पत्र (अनुमतिपत्र लिनुपर्नेको हकमा)

२. साझेदारीको लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्नसक्ने प्रतिवद्धता पत्र पेश गरेको हुनु पर्नेछ ।

३. कृषि तथा पशुविकासमा आधारित सानाकिसान तथा युवा उद्यमशिलता क्षेत्रमा ७ वर्षको कार्यानुभव रहेको ।

तानसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालय तानसेन, पाल्पा लुम्बिनी प्रदेश, नेपाल २०७३

विष्णु पौडेल
अधिकृत स्तर
आठौं तह

Scanned with CamScanner

४. कार्यक्रम सम्पादन गर्ने तरिका

५. प्रस्तावित जनशक्तिको योग्यता

६. ज्ञान तथा प्रविधि हस्तान्तरण व्यवस्था

७. स्थानीय संघसंस्थासँग संयुक्तरुपमा आवेदन पेश गरेको आशय पत्रलाई प्राथमिकता दिएको

## <u>५. प्रस्तावित कार्यक्षेत्र र लाभान्वित परिवार</u>

यो परियोजना नगरपालिकाका ग्रामिण वडाहरूमा लागू हुनेछ। नगरपालिकाको कुल १२,९९६ घरधुरीमध्ये १,००० घरधुरी प्रत्यक्ष लाभान्वित हुनेछन् भने २,५०० घरधुरी अप्रत्यक्ष रूपमा लाभान्वित हुनेछन्।

परियोजनाले विदेश गएका युवाहरूलाई लक्षित गरी प्रत्येक वडामा पकेट र सब-पकेट क्षेत्रको विकास गर्नेछ। निम्न गतिविधिहरूलाई परियोजनामा समेटिनेछ:

- कृषि र पशुपालनको विकासः
  - बजार सूचना व्यवस्थापन, हाटबजार र सिँचाइका पूर्वाधार निर्माण।
  - तालिम, सीप विकास, प्रविधि विस्तार, कृषि सामग्री आपूर्ति, र प्राविधिक सेवा प्रदान गर्दै कृषकहरूको क्षमता विकास र सशक्तीकरण।
  - बीउ, मल, प्रविधि, प्रशोधन र भण्डारणमा प्रत्यक्ष सहयोग।
- विशेष प्राथमिकताः
  - उच्च मूल्यका कृषि वस्तुको प्रवर्द्धन र बजार विस्तार।
  - फलफूल, मौरीपालन, स्थानीय जातका कुखुरापालन, र उन्नत घाँसखेतीको प्रवर्द्धन।
  - कृषि तथा पशु बीमा कार्यक्रमलाई प्रभावकारी बनाउँदै स्थानीय किसानलाई सहज बनाउने।
- नवीन पहलहरुः
  - तानसेन नगरपालिका र कारितास नेपालको सहकार्यमा अदुवा भण्डारण गृह सञ्चालन।
  - मिलनसार थोक बजारसँग साझेदारी गर्दै कृषि उत्पादनको बजार विस्तार।
  - वडाहरूमा हाटबजारको स्थापना।
- प्रमुख पकेट क्षेत्रहरू:

  फलफूल, तरकारी बाख्रापालन, डेरी तथा बंगुरपालन आदि।

तानसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालय तानसेन, पाल्पा लुम्बिनी प्रदेश, नेपाल २०७३

विष्णु पौडेल अधिकृत स्तर आठौं तह

Scanned with CamScanner CamScanner

| पकेट उन्मुख क्षेत्र | तानसेन नगरपालिका वडा नं. |
|---|---|
| बाखा पकेट क्षेत्र | ८, ९, १०, ११, १२, १३ |
| बंगुर पकेट क्षेत्र | ६, ९, १२, १३, १४ |
| लोकल कुखुरा पकेट (प्रवर्द्धन क्षेत्र) | १, ६, ७, १४ |
| तरकारी पकेट क्षेत्र | ७, ९, १०, ११, १४ |
| अकबरे खुर्सानी पकेट क्षेत्र | १, ५, ११ |
| अदुवा खेती प्रवर्द्धन क्षेत्र | ५, ८, ११, १२ |
| कागती, सुन्तला | १, ५ र ११ को उत्तर फर्केको भाग |

**६. परियोजना अवधिः**

यस परियोजनाको अनुमानित समयावधि २०८१ माघ २ देखी २०८३ को बैशाख १५ सम्म रहनेछ । परियोजना अवधिमा कुनै संकटकालीन अवस्थाको सिर्जना भएमा नगरपालिकाले बढीमा छ महिना म्याद थप गर्न सक्नेछ ।

**७. परियोजनाको कुल लागतः**

प्रस्तावित वहुवर्षीय परियोजनाका लागि यस नगरपालिकाले तयार गरेको लागत अनुमान देहाय बमोजिम छः

** कुल लागत अनुमान अन्त्यमा समावेश गरिएको छ ।

परियोजनाको लागि तानसेन नगरपालिकाले देहाय बमोजिम बजेट बिनियोजन गर्नेछः

| सि.न. | विवरण | तानसेन नगरपालिकाले विनियोजन गर्ने रकम | साझेदार संस्थाले विनियोजन गर्ने रकम | कृषक, कृषक समुह वा कृषि सहकारीले विनियोजन गर्ने रकम | कुल लागत |
|---|---|---|---|---|---|
| १ | चालु आ. व. २०८१।०८२ पहिलो बर्ष | ४६५०००० | २६५०००० | | ७३००००० |
| २ | आ. व. २०८२।०८३ दोस्रो बर्ष | ११६५०००० | ३७६६६६७ | | १५४१६६६७ |
| ३ | आ. व. २०८३।०८४ तेस्रो बर्ष | ९४६०००० | २४५०००० | | ११९१०००० |
| | कुल | २५७६०००० | ८८६६६६७ | | ३४६२६६६७ |

तानसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालय तानसेन, पाल्पा लुम्बिनी प्रदेश, नेपाल

विष्णु पौडेल
अधिकृत स्तर
आठौं तह

Scanned with CamScanner CamScanner

**८. अपेक्षित परिणाम**

यस परियोजनाले लक्षित सानाकिसानहरुको जीविकोपार्जनमा सुधार ल्याउनुका साथै निम्न विषय क्षेत्रमा पयुवा उद्यमीहरूको स्तरोन्नति

- युवा उद्यमीहरुको मूल्याङ्कन, प्रोफाइल निर्माण, व्यावसायिक सम्भावना
- उद्यमशीलता विकास र रोजगारी सृजनामा थप सहयोग
- मूल तथा उपहार समुह (POG) मोडेलमा नयाँ परिवार समावेश (वडा नं. ६, ७, १४) अन्य वडाहरुमा युवा तथा उद्यमीहरु
- उत्पादित कृषि उपजहरुको बजारिकरणको लागि महिला उद्यमी सहकारी र युवा उद्यमी सहकारीको सुद्दढीकरण गरि व्यावसायिकरण
- तरकारी तथा मसलाबाली, दुध र बाख्रा
- सहकारीलाई व्यावसायिक केन्द्रका रुपमा विकास
- मिलनसार कृषि उपज थोक तथा प्रशोधन केन्द्र को प्रभावकारी व्यवस्थापन
- स्थानीय सरकारको कृषि विकासको रणनीतिक योजना निर्माण रिमाणात्मक तथा गुणात्मक सुधार ल्याएको हुनुपर्नेछ ।
- व्यसायिक तरकारी खेतिका लागि कृषकहरुको संख्या थप भई उत्पादन र उत्पादकत्व बृद्धि भएको हुनेछ ।
- उत्पादित बस्तुको सामुहिक बजारीकरणका लागि हरेक वडामा संकलन केन्द्र निर्माण भई कृषकहरुलाई माथिल्लो मूल्य श्रृंखलामा संलग्न भई उचित मुल्य प्राप्त गरेका हुनेछन ।

**९. परियोजनाको बजेट ब्यवस्थापनः**

क) साझेदारी परियोजना सञ्चालनका लागि नगरपालिका र साझेदार संस्थाले गर्ने लगानी कार्यान्वन गर्ने संस्थाको छुट्टै साझेदारी खाता खोली सो खातामा जम्मा गरिनेछ ।

ख) साझेदार संस्थाले TOR मा तोकिएको कामको नगरपालिकाले गरेको प्राविधिक मूल्याँकनको आधारमा विल भरपाईको रकम भुक्तानी गरिनेछ । भुक्तानी सगैं विल भरपाई नगरपालिका रहनेछन । साझेदार संस्थालाई आबश्यक परेमा सो को प्रमाणित प्रतिलिपी उपलब्ध गराईनेछ।

ग) साझेदार संस्थाले कम्तिमा मासिक रुपमा भुक्तानी माग गर्नुपर्नेछ र आर्थिक बर्षको अन्तमा आषाढ १० भन्दा पछाडी माग गरिएको भुक्तानी दिन नगरपालिका बाध्य हुने छैन ।

**१०. खरिद ब्यवस्थापनः**

क) परियोजनाका लागि आबश्यक पर्ने सामाग्रीहरुको खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३; नियमावली, २०६४ र अन्य प्रचलित कानूनहरुको पालना गर्नुपर्नेछ ।

**११. मुल्यांकनका आधारहरु**

प्राविधिक प्रस्ताव मूल्यांकन गर्ने आधारहरु र अङ्कभार देहाय बमोजिमका कुनै वा सबै आधार आवश्यकता अनुसार खुलाउनु पर्नेछः

नगर कार्यपालिकाको कार्यालय तानसेन नगरपालिका तानसेन, पाल्पा लुम्बिनी प्रदेश, नेपाल २०७३

विष्णु पौडेल अधिकृत स्तर आठौं तह

Scanned with CamScanner

क. साझेदारी कार्यक्रमसँग सम्बन्धित साझेदारको कार्यानुभव– कुल अङ्कको पच्चीस प्रतिशत सम्म

ख. कार्य सम्पादन गर्ने प्रस्तावित तरिका (मेथोडोलोजी) गुणस्तर– कुल अङ्कको बीस देखि पैंतीस प्रतिशत सम्म

ग. प्रस्तावित मुख्य जनशक्तिको योग्यता– कुल अङ्कको तीस देखि साठी प्रतिशत सम्म

घ. ज्ञान तथा प्रविधि हस्तान्तरण व्यवस्था– कुल अङ्कको दश प्रतिशत सम्म

**१२. TOR को संशोधनः**

यो TOR मा उल्लेखित कार्यहरु कार्वायन्वयनमा कुनै असहज परिस्थिति उत्पन्न भएमा तानसेन नगरपालिका, नगरकार्यपालिकाको बैठकबाट संशोधन गर्न सकिनेछ ।

तानसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालय तानसेन, पाल्पा लुम्बिनी प्रदेश, नेपाल २०७३

विष्णु पौडेल अधिकृत स्तर आठौं तह

Scanned with CamScanner